apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: २१५ ● पृष्ठ: ४ ● ०५ भदौ २०८३ शुक्रबार (21 August 2026. Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## मधेशका आठ जिल्लाका पत्रकार महासंघलाई सञ्चार सामग्री हस्तान्तरण

### सञ्चार क्षेत्रको विकासमा प्रदेश सरकार प्रतिबद्ध छः मन्त्री महतो

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ ०४ गते**

मधेश प्रदेशका आठवटै जिल्लाका नेपाल पत्रकार महासंघ जिल्ला शाखालाई सञ्चार तथा सूचना प्रवाहका लागि आवश्यक उपकरण हस्तान्तरण गरिएको छ। मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले मिडिया काउन्सिल मधेश प्रदेशको समन्वयमा आयोजना गरेको कार्यक्रममा जिल्ला शाखाका अध्यक्षहरूलाई कम्प्युटर, प्रिन्टर र प्रोजेक्टर हस्तान्तरण गरिएको हो।

सामग्री हस्तान्तरण गर्दै मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले पत्रकारिता लोकतन्त्रको महत्वपूर्ण आधारस्तम्भ भएकाले सञ्चार क्षेत्रलाई थप सक्षम, व्यावसायिक, प्रविधिमैत्री र प्रभावकारी बनाउन प्रदेश सरकार आवश्यक सहयोग र सहकार्यका लागि प्रतिबद्ध रहेको बताए।



उनले राज्यका गतिविधि, नागरिकका आवश्यकता, समस्या, अपेक्षा तथा उपलब्धिलाई जनतासम्म पुर्‍याउने र नागरिकका आवाजलाई राज्यका निकायसम्म पुर्‍याउने कार्यमा सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे।

जिल्ला तहमा पत्रकारिता तथा सूचना प्रवाहका लागि उपलब्ध गराइएका सामग्रीले सञ्चारसम्बन्धी कार्यलाई थप सहज र प्रभावकारी

बाँकी पृष्ठ ३ ▸▸

## रड तताएर श्रीमती कुट्ने श्रीमान् कारागार चलान

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०४ गते**

साथीसँग मोबाइलमा कुरा गरेको निहुँमा घरको झ्याल, ढोका थुनेर भात पकाउने चुलोमा तताएको फलामे रडले आफ्नै श्रीमतीलाई निर्घात कुटपिट गर्ने श्रीमान् ज्यान मार्ने उद्योगअन्तर्गत कसुर मुद्दामा पुर्पक्षका लागि कारागार चलान गरिएका छन्।

सिरहाको नवराजपुर गाउँपालिका-४ की करिब २५ वर्षीया सञ्जना कुमारीको हातखुट्टा बाँधेर कपडा कोच्दै मुखमा टेप लगाएर तातेको फलामे रडले निर्घात कुटपिटमा संलग्न रहेका करिब ३४ वर्षीय रामशंकर यादव ज्यान मार्ने उद्योगसम्बन्धी कसुरसम्बन्धी मुद्दामा कारागार चलान गरिएका हुन्।

सिरहा जिल्ला अदालतका न्यायाधीश जुद्धबहादुर आलेको एकल इजलासले मंगलबार यादवलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएपछि सोही दिन सिरहा कारागार



चलान गरिएको हो।

सञ्जनालाई कुटपिट गर्न सघाएका देवर श्यामसुन्दर यादव भने फरार रहेकाले खोजी भइरहेको इलाका प्रहरी कार्यालय महेशपुर पतारले जनाएको छ।

५ साउनको राति सञ्जनालाई दाजुभाइले बाहिर हल्ला हुन नदिन मुखमा टेप टाँसेर हातखुट्टा बाँधी चुलोमा तताएको रडले निर्घात कुटपिट गरेको थाहा पाएलगत्तै घटनास्थल पुगेको प्रहरीले रामशंकरलाई पक्राउ गरी ज्यान मार्ने उद्योगसम्बन्धी कसुर

बाँकी पृष्ठ ४ ▸▸

## ३ वर्षकी बालिका हत्याका मुख्य आरोपी १६ वर्षका, के छ कानूनी व्यवस्था ?

### बाबुआमाविहीन बालकको आपराधिक दिमागः बिहान हत्या गरी दिउँसो फेरि घटनास्थल गएर 'शव व्यवस्थापन'

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०४ गते**

तीन वर्षकी गरिमा चौधरीमाथिको दानवीय कुकृत्य र नृशंस हत्याले सिंगो देश स्तब्ध छ। अर्को स्तब्धकारी तथ्य के छ भने यो अपराधमा संलग्न व्यक्ति १६ वर्षिय बालक हुन्।

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१ दसधुरी घर भएकी गरिमा चौधरी अचानक हराएपछि परिवारले खोजी सुरु गर्‍यो। गाउँले पनि खोजीमा जुटे। तर, दुई दिनसम्म बालिका नभेटिएपछि परिवारको आशंका र छटपटी बढ्दै गयो।



मंगलवार साँझ घरबाट करिब दुई सय मिटरको दूरीमा रहेको एउटा खाली घरमा कपडामा पोको पारिएको अवस्थामा उनको शव भेटियो। प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार गरिमामाथि बलात्कारपछि हत्या भएको देखिन्छ।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरी बुधवार सार्वजनिक गरेको छ। तीमध्ये जीतपुर सिमरा उपमहानगरपालिका-२ का १६ वर्षीय सुमन थापा हुन्, जो मुख्य आरोपी मानिएका छन्।

जिल्ला प्रहरी बाराका अनुसार घटनामा सुमनको मुख्य संलग्नता देखिएको छ। पक्राउ पक्राउ पर्ने अर्का व्यक्ति वडा नम्बर १ का २४ वर्षीय प्रोग्रेस चौधरी रहेका छन्। उनी बालिकाकै टोलका हुन्। प्रोग्रेसमाथि अनुसन्धान जारी छ।

गरिमा हराएपछि स्थानीयसँगै खोजीमा हिँडेर सुमनले चतुर्याईपूर्वक आफूलाई शंकाको दायराबाट बाहिर राख्ने प्रयास गरेका थिए। मङ्गलवार प्रहरीले तालिमप्राप्त कुकुरसहित खोजी अभियान सुरु गर्दा उनी घटनास्थल

बाँकी पृष्ठ ३ ▸▸

## सिरहामा पाँचदिने 'विश्व बन्धुत्व रक्तदान महाअभियान'

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०४ गते**

समाज सेवा प्रभाग, ब्रह्माकुमारी सिरहाले भदौ ५ गतेदेखि ९ गतेसम्म जिल्लाका विभिन्न स्थानमा 'विश्व बन्धुत्व रक्तदान महाअभियान' सञ्चालन गर्ने भएको छ। अभियानबारे प्रभागले बिहीबार पत्रकार सम्मेलनमार्फत जानकारी गराएको हो।

'ज्ञान-पान, योग-ध्यान, रक्तदान' भन्ने सन्देशसहित सञ्चालन हुने अभियानमा सिरहा सदरमुकाम, बन्दीपुर, गोलबजार र लहानमा रक्तदान कार्यक्रम आयोजना गरिने आयोजकले जनाएको छ।

अभियानअन्तर्गत भदौ ५ गते सिरहा सदरमुकामस्थित सलहेश मन्दिर नजिकै रहेको ब्रह्माकुमारी राजयोग सेवा केन्द्रमा रक्तदान कार्यक्रम हुनेछ। भदौ ६ गते बन्दीपुरस्थित ब्रह्माकुमारी




आश्रम, बाबा ताल नजिकै तथा भदौ ७ गते गोलबजार उद्योग वाणिज्य संघको हलमा रक्तदान कार्यक्रम आयोजना गरिनेछ।

त्यसैगरी भदौ ८ गते लहानस्थित चौधरी आँखा अस्पतालमा रक्तदान कार्यक्रम हुनेछ भने भदौ ९ गते ब्रह्माकुमारी राजयोग सेवा केन्द्र लहानमा बृहत् रक्तदान कार्यक्रम आयोजना गरिने आयोजकले जनाएको छ।

बाँकी पृष्ठ २ ▸▸

## जेन–जी आन्दोलनका कारण प्रदेश सभामा ६८ लाख खर्च

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०४ गते**

जेन-जी आन्दोलनका क्रममा तोडफोड र आगजनीमा परेको मधेश प्रदेश सभा भवन रङरोगन र आवश्यक सामग्री खरिदमा करिब ६८ लाख रुपैयाँ खर्च भएको छ। जेन-जीहरुको दुई दिने आन्दोलनका क्रममा दोस्रो दिनमा प्रदेश सभा भवनमा तोडफोड र आगजनी भएको थियो।

अहिले पनि कतिपय भवनहरु मर्मत हुन सक्केको छैन भने शिक्षा कार्यालयको पुरानो भवनमा प्रदेश सभा सञ्चालन हुँदै आएको छ। आगजनी र तोडफोड भएपछि कतिपय भवनहरु जीर्ण समेत बनेका छन्। प्रदेश सभा सचिवालयले दिएको जानकारी अनुसार आन्दोलनका क्रममा विषयगत समितिको कार्यालय, संसदीय दलको कार्यालय, प्रदेश




सभाको हलसहितमा क्षति पुगेको थियो। त्यसै गरी प्रदेश सभाका सभामुखसहितको विभिन्न कोठाहरुमा समेत क्षति पुगेको थियो।

प्रदेश सभा सचिवालयका अनुसार आन्दोलनपछि प्रदेश सभा सञ्चालनका लागि आवश्यक रङरोगनमा करिब १५ लाख २० हजार रुपैंयाँ, मेशिनरी

बाँकी पृष्ठ ४ ▸▸

## एक दशकपछि ३१० परिवारले पाए जग्गाधनी पुर्जा

**धनुषा, भदौ ०४ गते।** नापनक्सा सम्पन्न भएको करिब एक दशकपछि धनुषाको मिथिला बिहारी नगरपालिका-३ का ३१० परिवारले जग्गाधनी पुर्जा प्राप्त गरेका छन्। गाउँ ब्लक (स्ववासी) जग्गाको आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा भएपछि नापी कार्यालयले आज उनीहरूलाई जग्गाधनी पुर्जा वितरण गरेको हो।

साबिक मिथलेश्वर महुवाही गाउँ विकास समितिले १ देखि ९ वडासम्म पर्ने गाउँ ब्लक जग्गाको नापनक्सा आर्थिक वर्ष २०७२/७३ मा सम्पन्न भएको थियो। नापनक्सा सम्पन्न भए पनि आवश्यक अभिलेख अद्यावधिक, दर्ता तथा अन्य कानुनी प्रक्रिया पूरा हुन नसक्दा स्थानीयवासी लामो समयदेखि

बाँकी पृष्ठ ३ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# सम्पादकीय...

## प्रधानमन्त्रीको कार्यसम्पादन र जवाफदेहिता सम्झौता !

प्रधानमन्त्री बालेन शाहले मन्त्रिपरिषद्का सदस्यहरूसँग कार्यसम्पादन सम्झौता गरेको छ। यो सम्झौता सरकार सञ्चालनका दृष्टिले सकारात्मक र अर्थपूर्ण पहल हो। मन्त्रीहरूलाई जिम्मेवारी तोक्ने, त्यसको प्रगति मापन गर्ने र परिणामका आधारमा जवाफदेही बनाउने उद्देश्यले गरिएको यस्तो सम्झौताले सरकारको कार्यशैलीलाई थप व्यवस्थित र परिणाममुखी बनाउन सहयोग पुऱ्याउन सक्छ। प्रधानमन्त्रीले आफ्ना प्रतिबद्धता कार्यान्वयन गर्न खोज्दा मन्त्रीहरू पनि त्यसको समान रूपमा जिम्मेवार र उत्तरदायी हुनुपर्छ भन्ने सन्देश यसले दिएको छ। नेपालमा सरकार परिवर्तन भइरहने तर शासन सञ्चालनको शैलीमा अपेक्षित सुधार नआउने समस्या लामो समयदेखि देखिँदै आएको छ। राजनीतिक नेतृत्वले अनेकौँ प्रतिबद्धता गर्ने, नीति तथा कार्यक्रम घोषणा गर्ने तर तिनको प्रभावकारी कार्यान्वयन नहुने प्रवृत्तिले नागरिकमा निराशा बढाएको छ। विकास निर्माणमा ढिलासुस्ती, प्रशासनिक झन्झट, निर्णय प्रक्रियामा अनावश्यक विलम्ब र भ्रष्टाचारजस्ता समस्याले राज्य संयन्त्रप्रतिको जनविश्वास कमजोर बनाउँदै लगेका छन्। यस्तो अवस्थामा सरकारको नेतृत्वले परिणाममुखी शासनको अभ्यास थाल्नु आवश्यक हुन्छ।


मन्त्रीहरूसँग गरिएको कार्यसम्पादन सम्झौताको वास्तविक महत्व निकै छ। सम्झौता कागजी प्रक्रिया बनेर सीमित भयो भने यसको कुनै अर्थ हुँदैन। कुन मन्त्रीले के जिम्मेवारी पाएका छन्, निर्धारित लक्ष्य के हुन्, कामको प्रगति कस्तो छ र लक्ष्य हासिल हुन नसक्दा त्यसको कारण के हो भन्ने कुरा नियमित रूपमा मूल्यांकन हुनुपर्छ। सम्झौताका आधारमा राम्रो काम गर्ने मन्त्रीलाई प्रोत्साहन र निरन्तर असफल हुनेलाई जिम्मेवार बनाउने राजनीतिक संस्कार स्थापित गर्न सके मात्र यसको सार्थकता प्रमाणित हुनेछ। प्रधानमन्त्री शाहप्रति नेपाली नागरिकको अपेक्षा सामान्य छैन। लामो समयदेखि थुप्रिएका भ्रष्टाचार, बेथिति, ढिलासुस्ती र कुशासनका विरुद्ध कठोर कदम चाल्दै सक्षम, पारदर्शी र जनउत्तरदायी सरकार निर्माण होस् भन्ने नागरिकको चाहना छ। नागरिकले सरकारबाट भाषण, घोषणा र आश्वासन मात्र होइन, प्रत्यक्ष अनुभूति हुने परिणाम खोजिरहेका छन्। त्यसैले प्रधानमन्त्रीले आफ्नो प्रतिबद्धता पूरा गर्न मन्त्रीहरूलाई पनि स्पष्ट जिम्मेवारी र समयसीमासहित अघि बढाउनु अपरिहार्य छ। तर जवाफदेहिता मन्त्रीहरूमा मात्र सीमित हुनुहुँदैन। मन्त्रालय र मातहतका निकायमा कार्यरत सम्पूर्ण प्रशासनिक संयन्त्रलाई पनि परिणामका लागि उत्तरदायी बनाइनुपर्छ। एउटा मन्त्रीले परिवर्तन गर्न खोज्दा पुरानै शैलीको कर्मचारीतन्त्र, प्रक्रियागत जटिलता वा राजनीतिक हस्तक्षेप बाधक बन्ने अवस्था रहिरह्यो भने कार्यसम्पादन सम्झौताको उद्देश्य पूरा हुन सक्दैन्।

त्यसैले राजनीतिक नेतृत्वसँगै प्रशासनिक संयन्त्रमा पनि कार्यसंस्कृति, पारदर्शिता र जिम्मेवारीको भावना विकास गर्न आवश्यक छ। कार्यसम्पादन सम्झौताको अर्को महत्वपूर्ण पक्ष पारदर्शिता हो। नागरिकले आफ्ना मन्त्रीहरूले के गर्ने प्रतिबद्धता गरेका छन् र त्यसको प्रगति कस्तो छ भन्ने जानकारी पाउने व्यवस्था हुनुपर्छ। सार्वजनिक स्रोतबाट सञ्चालन हुने सरकारका कामकारबाही नागरिकबाट लुकाएर होइन, नागरिककै निगरानी र सहभागितामा अघि बढ्नुपर्छ। यसले मन्त्रीहरूलाई आफ्नो जिम्मेवारीप्रति थप सचेत बनाउनेछ भने नागरिकको सरकारप्रतिको विश्वास पनि बढाउनेछ। प्रधानमन्त्री शाहले निर्वाचन, सुशासन र परिवर्तनका नाममा नागरिकसमक्ष गरेका प्रतिबद्धता पूरा गर्न अब परिणाम देखाउनुपर्ने चरणमा प्रवेश गरेका छन्। त्यसका लागि मन्त्रीहरूसँगको कार्यसम्पादन सम्झौता एउटा उपयोगी औजार बन्न सक्छ। तर सम्झौताको सफलता कागजमा हस्ताक्षर भएर होइन, त्यसबाट जनजीवनमा देखिने परिवर्तनबाट मापन हुनुपर्छ। सरकारले भ्रष्टाचार नियन्त्रण, सेवा प्रवाहमा सुधार, विकास आयोजनाको गति, रोजगारी सिर्जना, सार्वजनिक संस्थाको प्रभावकारिता र प्रशासनिक सुधारजस्ता क्षेत्रमा स्पष्ट परिणाम दिन सक्यो भने कार्यसम्पादन सम्झौता नेपाली शासन प्रणालीमै नयाँ अभ्यासको आधार बन्न सक्छ। अन्यथा यो पनि विगतका अनेकौँ घोषणा र सम्झौताजस्तै औपचारिकतामा सीमित हुनेछ। त्यसैले मन्त्रीहरूसँग गरिएको कार्यसम्पादन सम्झौतालाई सकारात्मक सुरुवातका रूपमा लिनुपर्छ। अब प्रधानमन्त्रीले सम्झौतामा उल्लेखित लक्ष्यहरूको नियमित समीक्षा गर्दै राम्रो काम गर्नेलाई प्रोत्साहन र कमजोर कार्यसम्पादन गर्नेलाई आवश्यक जिम्मेवारी वहन गराउन सक्नुपर्छ। नागरिकले खोजेको सरकार जवाफदेही, पारदर्शी र परिणाममुखी सरकार हो। त्यस दिशामा सरकारलाई अघि बढाउन कार्यसम्पादन सम्झौता एउटा महत्वपूर्ण माध्यम बन्न सक्छ।

# फेरिएका हाटबजार

## कुनै बेला अन्न बेचेर तरकारी किनिने मधेशका हाटबजारमा अहिले नगद कारोबार र तरकारी व्यापार

वीरेन्द्र रमण



जनकपुरधाम उपमहानगरपालिका-४ को शुक्रवारी बजारमा हरेक शुक्रबार करिब दुई सय व्यापारी तरकारी बेच्न आउँछन्। बजारको नाम पनि शुक्रबार नै लाग्ने भएकाले 'शुक्रवारी बजार' रहन गएको हो।

करिब तीन दशकदेखि सञ्चालनमा रहेको यो बजारमा पहिलेको तुलनामा कारोबारको स्वरूप फेरिएको छ। कुनै बेला किसान अन्न लिएर आउँथे, त्यहीँ बेच्थे र प्राप्त पैसाले तरकारी तथा अन्य आवश्यक सामान किनेर फर्किन्थे। अहिले यहाँ मुख्य रूपमा तरकारीको कारोबार हुन्छ।

५० वर्षीया जगतारण देवी वर्षौंदेखि यही बजारमा तरकारी बेच्दै आएकी छन्। "पहिले बजार निकै ठूलो थियो, अहिले खुम्चिएको छ," उनी भन्छिन्।

उनी महेन्द्रनगर, ढल्केवरलगायत ठाउँबाट तरकारी खरिद गरेर ल्याउँछिन्। शुक्रबार शुक्रवारी बजारमा बेच्ने उनी आइतबार जनकपुरधाम-१० को पेठिया बजार र मंगलबार कुवा बजार पुग्छिन्।

चार जनाको परिवार चलाउने मुख्य आधार यही व्यापार भएको उनी बताउँछिन्। उनका श्रीमान् पनि तरकारी ल्याउन र बेच्न सहयोग गर्छन् भने दुई छोरा बाहिर बसेर पढिरहेका छन्।

शुक्रवारी बजारमै तरकारी किन्न आएका ६५ वर्षीय राजेन्द्र पण्डितले पनि बजारको स्वरूप बदलिएको अनुभव गरेका छन्। "पहिले किसान अन्न लिएर आउँथे। अन्न बेचेर त्यही पैसाले तरकारी किनेर लैजान्थे," उनी भन्छन्, "अहिले मानिसहरू पैसा लिएरै बजार आउँछन्।"

उनका अनुसार साप्ताहिक हाटले आसपासका बासिन्दालाई ताजा तरकारी सहज रूपमा उपलब्ध गराएको छ। मधेशको उत्तरी भेगमा उत्पादित तरकारी महेन्द्रनगर, ढल्केवरलगायत बजार हुँदै दक्षिणतर्फका बजारसम्म पुग्ने गरेको उनी बताउँछन्। साना व्यापारीले किसानसँग प्रत्यक्ष रूपमा तरकारी खरिद गर्न पाउँदा किसान र व्यापारी दुवैलाई फाइदा पुग्ने उनको अनुभव छ। "यसले बीचमा धेरै तहका बिचौलिया आवश्यक पर्ने अवस्था पनि केही कम गरेको छ," पण्डित भन्छन्।

**सहकारीको ऋणबाट तरकारी व्यापार**

जनकपुरधामको कुवा बजार हरेक मंगलबार लाग्छ। सोही बजारमा श्यामाकुमारी ठाकुर तरकारी बेच्छिन्।

उनले सहकारीबाट सुरुमा करिब ५० हजार रुपैयाँ ऋण लिएर व्यापार थालेकी थिइन्। पहिलो ऋण चुक्ता गरेपछि थप एक लाख रुपैयाँ ऋण लिएर व्यापार विस्तार गरेको उनी बताउँछिन्। "थोरै पुँजीबाट सुरु गरेकी हुँ। अहिले आम्दानी राम्रो छ," उनी भन्छिन्।

दुई छोरी र एक छोरा रहेको उनको परिवारको घरखर्च र छोराछोरीको पढाइको खर्चसमेत तरकारी व्यापारबाटै चल्ने गरेको छ। हाटबजार व्यापारीका लागि मात्र होइन, उत्पादक किसानका लागि पनि प्रत्यक्ष बजार बनेको छ।

जनकपुरधाम-१५ कुवाका ५८ वर्षीय भागवत मण्डलले घरनजिकैको सानो जग्गाबाट तरकारी खेती सुरु गरेका थिए। पछि गाउँमै थप जग्गा भाडामा लिएर खेती विस्तार गर्दै अहिले करिब दुई बिघामा तरकारी लगाउने गरेका छन्। उनले उत्पादन गाउँमै आउने व्यापारीलाई बिक्री गर्छन्। ती व्यापारीले तरकारी विभिन्न हाटबजारमा पुऱ्याउँछन्।

तरकारी खेतीबाट भएको आम्दानीले छोरा र छोरीलाई काठमाडौँमा राखेर पढाइरहेको मण्डल बताउँछन्। उनका छोरा कक्षा १२ मा र छोरी बीबीएसमा अध्ययनरत छन्। "अहिले गाउँमै व्यापारी तरकारी किन्न आउँछन्। हाटबजार भएका कारण हामीलाई बिक्री गर्न सजिलो भएको छ," उनी भन्छन्।

**अन्नबाट तरकारीतर्फ**

मधेशका ग्रामीण हाटबजार कुनै बेला स्थानीय उत्पादनको व्यापक कारोबार हुने थलो थिए। अन्न, तरकारी, लत्ताकपडा र घरायसी सामानसम्म हाटमै किनबेच हुन्थ्यो।

अहिले सहरी क्षेत्रका धेरै हाटबजारमा तरकारी र दैनिक उपभोग्य वस्तुको कारोबार बढी देखिन्छ। खाद्यान्नका लागि स्थायी पसल र अन्य बजारको पहुँच बढेसँगै परम्परागत हाटको चरित्र पनि बदलिएको छ। तर, आर्थिक दृष्टिकोणले महत्त्व भने घटेको छैन।

मधेश प्रदेशमा तरकारी तथा बागवानी उत्पादन ५.२३ प्रतिशतले बढेर नौ लाख ७७ हजार ६०१ मेट्रिक टन पुगेको तथ्यांक छ। त्यसमध्ये महोत्तरीमा दुई लाख १७ हजार ५०० मेट्रिक टन अर्थात् प्रदेशको कुल उत्पादनको २२.२५ प्रतिशत तरकारी उत्पादन भएको छ। धनुषामा ६६ हजार ५८६ मेट्रिक टन अर्थात् ६.८१ प्रतिशत उत्पादन भएको छ।

अर्थशास्त्री भोगेन्द्र झा स्थानीय उत्पादनले नजिकै बजार पाउनु हाटबजारको सबैभन्दा ठूलो आर्थिक महत्त्व रहेको बताउँछन्। "घर वा गाउँमै भएको उत्पादन सहज रूपमा बिक्री गर्न पाइन्छ। बाहिरबाट ल्याइएका वस्तु पनि यहाँ बिक्री हुन्छन्," उनी भन्छन्।

उनका अनुसार सहरी हाटमा तरकारीको कारोबार बढी भए पनि ग्रामीण हाटमा खाद्यान्न, लत्ताकपडा र अन्य वस्तुसमेत किनबेच हुने भएकाले धेरैका लागि यो आम्दानीको आधार बनेको छ।

मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्याम पटेल पनि हाटबजारले कृषि उत्पादनको बजारीकरणमा महत्त्वपूर्ण भूमिका खेलिरहेको बताउँछन्। किसानलाई बजारसम्म सहज पहुँच दिलाउने र बिचौलियामाथिको निर्भरता कम गर्ने उपायबारे सरकारले छलफल गरिरहेको उनको भनाइ छ।

जनकपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष जितेन्द्रप्रसाद साहका अनुसार ग्रामीण वा सहरी दुवै प्रकारका हाटबजार साना व्यापारीका लागि नियमित आम्दानीको माध्यम बनेका छन्। "व्यापार सानो देखिए पनि यसबाट हुने आम्दानी धेरै परिवारका लागि महत्त्वपूर्ण छ," उनी भन्छन्।

पुराना हाटको आकार र कारोबारको प्रकृति फेरिएको छ। अन्नका बोरा कम भएका छन्, तर तरकारीका थुप्रा र साना व्यापारीको चहलपहल कायमै छ। मधेसका हाटबजार आज पनि किसानको उत्पादन र उपभोक्ताको भान्साबीचको नजिकको बजार बनेर टिकिरहेका छन्।

## सिरहामा पाँचदिने 'विश्व बन्धुत्व रक्तदान ...........

रक्त अभावका कारण उपचाररत बिरामीको ज्यान जोखिममा पर्ने अवस्थालाई मध्यनजर गर्दै मानवीय सेवाको उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको समाज सेवा प्रभागले जनाएको छ। रक्तदानलाई 'महादान' का रूपमा लिँदै एक व्यक्तिले गरेको रक्तदानले आवश्यकतामा रहेका बिरामीको जीवन बचाउन महत्वपूर्ण योगदान पुग्ने आयोजकको भनाइ छ।

ब्रह्माकुमारी संस्था आध्यात्मिक गतिविधिसँगै सामाजिक सेवामा समेत सक्रिय रहेको जनाउँदै आयोजकले रक्तदान, रक्तसंकलन, प्राकृतिक विपद्का बेला सहयोग तथा नशामुक्ति अभियानलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिएको छ।

समाज सेवा प्रभाग, ब्रह्माकुमारी सिरहाले जिल्लावासीलाई निर्धारित स्थानमा उपस्थित भई रक्तदान गर्न तथा अभियान सफल बनाउन सहयोग गरिदिन अपिल गरेको छ।

## स्वच्छ शहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं।
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं।
- तोकिएको स्थानमा मात्र फोहोर फालौं।
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं।
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं।
- ध्वनि र वायु प्रदुषण कम गरौं।
- सडकको समय-समयमा मर्मतसम्भार गरौं।
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

## आजको राशिफल

**मेष** : स्वास्थ्यमा अलि सजग रहनुपर्ने देखिन्छ। यात्रा गर्दा र सवारी साधन चलाउँदा सावधानी अपनाउनुहोला।

**बृष** : व्यापार-व्यवसाय तथा साझेदारीको काममा सफलता मिल्नेछ। जीवनसाथी वा प्रेम पार्टनरको राम्रो सहयोग प्राप्त हुनेछ।

**मिथुन** : प्रतिस्पर्धा तथा शत्रुहरूमाथि विजय प्राप्त हुनेछ। रोकिएका काम बन्नेछन् भने कानुनी वा व्यावहारिक विवादहरू सुल्झिनेछन्।

**कर्कट** : बौद्धिक काम, अध्ययन र रचनात्मक क्षेत्रमा सफलता मिल्नेछ। सन्तान पक्षबाट खुसीका समाचार सुन्न पाइनेछ।

**सिंह** : चौथो भावमा चन्द्रमा रहेकाले मनमा केही अस्थिरता वा चिन्ता रहन सक्छ।

**कन्या** : तपाईंको पराक्रम र उत्साह बढनेछ। दाजुभाइ तथा साथीभाइको राम्रो सहयोग मिल्नेछ।

**तुला** : आर्थिक लाभका अवसरहरू प्राप्त हुनेछन्। बोलीको प्रभाव बढ्नेछ जसले गर्दा रोकिएका कामहरू सहजै बन्नेछन्।

**वृश्चिक** : आत्मविश्वास र ऊर्जामा वृद्धि हुनेछ। नयाँ कामको थालनी गर्नका लागि समय अनुकूल छ।

**धनु** : अनावश्यक खर्च बढ्न सक्छ। आर्थिक लेनदेनमा विशेष सतर्कता अपनाउनुहोला।

**मकर** : आम्दानीका नयाँ स्रोतहरू खुल्नेछन्। सोचेका कामहरू पूरा हुनाले मन प्रसन्न रहनेछ।

**कुम्भ** : कार्यक्षेत्रमा पद-प्रतिष्ठा र सफलता मिल्नेछ। नयाँ जिम्मेवारी वा रोजगारीको अवसर प्राप्त हुन सक्छ।

**मीन** : भाग्यले साथ दिनेछ। धार्मिक तथा आध्यात्मिक गतिविधिमा रुचि बढ्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# रवि तत्काल केन्द्रीय समितिलाई पूर्णता दिन अनिच्छुक, मधेश अधिवेशन पर्खंदै बालेन

✍अपन दैनिक संवाददाता
सिरहा, भदौ ०४ गते

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले केन्द्रीय समितिलाई तत्काल पूर्णता नदिने भएका छन् । रास्वपाको विधानले मनोनीतमार्फत केन्द्रीय समितिलाई पूर्णता दिने अधिकार सभापतिलाई दिएको छ।

विधान अनुसार सभापति लामिछानेले ५१ जना केन्द्रीय सदस्य मनोनीत गर्न पाउने छन् । यस्तै, विधानले रिक्त रहेका पदमा पनि मनोनीतमार्फत पदपूर्ति गर्ने अधिकार सभापतिलाई दिएको छ।



विधानअनुसार एक उपसभापति, एक महामन्त्री, दुई सहमहामन्त्री, एक प्रवक्ता, तीन सह-प्रवक्ता, एक कोषाध्यक्ष र दुई सह-कोषाध्यक्ष सभापतिले मनोनीत गर्नुपर्ने हुन्छ।

सभापतिले मनोनीत गर्दा निश्चित समयसीमाभित्र गर्नुपर्ने भनेर विधानमा किटान नगरिएको हुँदा सभापतिलाई आफूअनुकूल मनोनीत गर्ने सुविधा लामिछानेसँग छ।

विधानको त्यही सुविधाअनुसार नै क्रमबद्ध रूपमा सभापति लामिछानेले रिक्त पदपूर्ति गर्ने भएका छन्।

केन्द्रीय समितिलाई पूर्णता दिने समयसीमा पाँच वर्षसम्म नै रहेकाले हतार नभएको संकेत सभापति लामिछानेले दिएका छन्।

'केन्द्रीय समितिलाई परिपूर्ण गर्ने भनेको पाँच वर्षभित्र गर्ने कार्य हो,' बुधबार रास्वपा सांसदसँगको छलफलपछि पत्रकारसँग कुराकानी गर्दै सभापति लामिछानेले भने, 'सभापतिलाई विधानले दिएको अधिकारअनुसार योग्य साथीहरूलाई क्रमशः ल्याउँदै जाने सिलसिलामा हामी छौं।'

शुक्रबारका लागि बोलाइएको केन्द्रीय समिति बैठकको एजेन्डामा पदाधिकारी र केन्द्रीय समिति सदस्य मनोनीत गर्ने विषय पनि समेटिएको छ।

तर, सभापति लामिछानेको बुधबार दिएको अभिव्यक्ति अनुसार शुक्रबार बस्ने बैठकबाट सबै रिक्त पदमा मनोनीत हुने सम्भावना देखिदैन ।

'शुक्रबार चार जना गरौंला । पर्सी पाँच जना गरौंला । अर्को दिन १० जना गरौंला', सभापति लामिछानेले संकेत गर्दै भनिसकेका छन्।

नेताहरूका अनुसार रिक्त

बाँकी पृष्ठ ४ ▸▸

## एक दशकपछि ३१० परिवारले पाए ........

जग्गाधनी पुर्जाबाट वञ्चित हुँदै आएका थिए।

नापी कार्यालयले नापनक्सा भइसकेका जग्गाको अभिलेख अद्यावधिक गरी दर्तासम्बन्धी प्रक्रिया अघि बढाएपछि ३१० थान जग्गाधनी पुर्जा वितरण गरिएको जनाएको छ। वर्षौंदेखि आफूले भोगचलन गर्दै आएको जग्गाको औपचारिक स्वामित्वको प्रमाण पाएपछि स्थानीयवासीले खुसी व्यक्त गरेका छन्। पुर्जा प्राप्त भएपछि आफ्नो सम्पत्तिको स्वामित्व प्रमाणित गर्न सहज हुने तथा जग्गासम्बन्धी विभिन्न प्रशासनिक र आर्थिक कारोबार गर्न बाटो खुलेको स्थानीयको भनाइ छ।

नापी कार्यालयका प्रमुख उमेशकुमारले नापनक्सा सम्पन्न भएर पनि विभिन्न कारणले दर्ता प्रक्रिया अघि बढ्न नसकेका गाउँ ब्लक तथा स्वबासी प्रकृतिका जग्गाको समस्या समाधानलाई कार्यालयले प्राथमिकतामा राखेको बताए। उनका अनुसार नापनक्सा सम्पन्न हुँदैमा जग्गाको स्वामित्व पूर्ण रूपमा स्थापित नहुने भएकाले त्यसपछि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ।

स्थानीयको सहभागिता, आवश्यक कागजात तथा अन्य प्रक्रिया पूरा हुँदै गएमा लामो समयदेखि बाँकी रहेका यस्ता विषयलाई क्रमशः टुङ्ग्याउँदै जग्गाधनी पुर्जा वितरण गरिने उनले बताए। गाउँ ब्लक तथा स्वबासी प्रकृतिका जग्गा लामो समयदेखि स्थानीयले भोगचलन गर्दै आए पनि औपचारिक स्वामित्वको प्रमाण नहुँदा उनीहरू विभिन्न समस्या भोग्दै आएका थिए।

जग्गाधनी पुर्जा प्राप्त भएपछि सम्पत्तिको कानुनी अधिकार सुनिश्चित हुनाका साथै जग्गासम्बन्धी कारोबार तथा प्रशासनिक काममा पनि सहज हुने अपेक्षा गरिएको छ । नापी कार्यालयका अनुसार साबिक मिथलेश्वर महुवाही गाविसअन्तर्गत नाप नक्सा सम्पन्न भएका तथा हाल मिथिला बिहारी नगरपालिका-३ मा पर्ने गाउँ ब्लकका ३१० परिवारलाई पुर्जा वितरण गरिएको हो।

कार्यालयले धनुषाका अन्य क्षेत्रमा पनि नाप नक्सा सम्पन्न भएर दर्ता प्रक्रिया पूरा हुन बाँकी गाउँ ब्लक तथा स्वबासी जग्गाको विवरण अध्ययन गरी आवश्यक प्रक्रिया अघि बढाउने जनाएको छ। यसबाट लामो समयदेखि जग्गाधनी पुर्जाको प्रतीक्षामा रहेका अन्य परिवारलाई पनि राहत पुग्ने अपेक्षा गरिएको छ। रासस

## मधेशका आठ जिल्लाका पत्रकार महासंघलाई .............

बनाउन सहयोग पुग्ने विश्वास मन्त्री महतोले व्यक्त गरे। उनले उपलब्ध सामग्रीको पारदर्शी, मितव्ययी र प्रभावकारी उपयोग गर्दै पत्रकारिता क्षेत्रको क्षमता विकास तथा सूचना प्रवाहको गुणस्तर सुधारमा ध्यान दिनुपर्ने बताए।

मन्त्री महतोले सञ्चार सामग्री उपलब्ध गराउनु मात्र पर्याप्त नहुने भन्दै यसको सही सदुपयोगसँगै पत्रकारिताको व्यावसायिक आचरण र गुणस्तरमा समेत सुधार आवश्यक रहेको बताए । मधेश प्रदेशको पत्रकारिता क्षेत्रले सामाजिक सद्भाव, सुशासन, विकास, लोकतन्त्र तथा नागरिक अधिकारका विषयमा अझ जिम्मेवार र सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने उनको भनाइ थियो।

समाजमा भ्रम, गलत सूचना तथा असत्य समाचार फैलिन नदिन पत्रकारले तथ्यमा आधारित, सन्तुलित र जिम्मेवार पत्रकारितालाई प्राथमिकता दिनुपर्ने उनले बताए। बदलिँदो प्रविधि र सञ्चार माध्यमको विस्तारसँगै पत्रकारिता क्षेत्रले पनि आफूलाई समयअनुकूल परिमार्जन गर्दै लैजानुपर्नेमा उनले जोड दिए।

मन्त्री महतोले मधेश प्रदेश सरकार सञ्चार क्षेत्रको स्वतन्त्रता, व्यावसायिकता तथा संस्थागत विकासप्रति प्रतिबद्ध रहेको उल्लेख गरे। पत्रकारिता क्षेत्रसँग सम्बन्धित समस्या, आवश्यकता र सुझावलाई सम्बोधन गर्न प्रदेश सरकार, मिडिया काउन्सिल र नेपाल पत्रकार महासंघबीचको समन्वय तथा सहकार्यलाई थप प्रभावकारी बनाउँदै लैजाने उनले बताए।

कार्यक्रममा मधेश प्रदेशका आठवटै जिल्लाका नेपाल पत्रकार महासंघ जिल्ला शाखाका अध्यक्षलाई एक-एक थान कम्प्युटर, प्रिन्टर र प्रोजेक्टर हस्तान्तरण गरिएको थियो।

कार्यक्रममा मधेश प्रदेश गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव डा. विन्देश्वरप्रसाद लेखक, मिडिया काउन्सिल मधेश प्रदेशका कार्यवाहक अध्यक्ष बन्दना झा, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका महासचिव शैलेन्द्र महतोलगायतको सहभागिता थियो।




## ३ वर्षकी बालिका हत्याका मुख्य आरोपी .............

वरपरै रहेर प्रहरीलाई सघाएको जस्तो गरिरहेका थिए। त्यति मात्रै होइन, बालिकाको शव भेटिएपछि उनी अरूसँगै 'कसले यस्तो गऱ्यो, दोषीलाई पक्राउ गर्नुपर्छ' भन्दै घटनास्थलमा निस्फिक्री हिँडिरहेका थिए । तर, अनुसन्धानमा अघि बढ्दै जाँदा प्रहरीको शंका उनेतर्फ मोडियो।

प्रहरीसँगै आएका तालिमप्राप्त कुकुरले संकेत गरेपछि प्रहरीले घटनास्थलबाटै सुमनलाई नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायव निरीक्षक प्रकाश थापाले बताए । थापाका अनुसार सोधपुछका क्रममा सुमनले घटनामा आफ्नो संलग्नता स्वीकार गरेका छन्।

प्रारम्भिक अनुसन्धानमा सुमनले गरिमालाई चकलेट दिएर फकाई अन्यत्र लगेको खुलेको छ । गरिमाको घर नजिकै सुमनले काम गर्ने म्याजिक भ्यानका चालक प्रोग्रेस चौधरीको घर थियो। बालिका उक्त घरमा आउजाउ गर्ने गरेको पनि अनुसन्धानबाट खुलेको छ । यही चिनजान र आउजाउकै क्रममा सुमनको गरिमालाई भेटेको अनुसन्धानमा संलग्न प्रहरी अधिकारीहरूको भनाइ छ।

सुमन वीरगञ्ज-पथलैया रुटमा चल्ने ना.१ ज ७७५८ नम्बरको म्याजिक भ्यानमा सहचालक (खलासी) का रूपमा काम गर्थे । उनी चालक चौधरीसँगै बस्ने, खाने र सुत्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। प्रहरीका अनुसार सुमनका आमाबाबु दुवै छैनन्। उनले सामान्य लेखपढ गर्न जाने पनि विद्यालयमा पढिरहेको देखिएको छैन ।

स्थायी बसोबास र पारिवारिक संरक्षणको अभावमा उनी जहाँ काम पाउँथे, त्यहीँ बस्ने, खाने र सुत्ने गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । गरिमा प्रोग्रेसको घरमा आएर खेल्ने गरेकी थिइन् ।

प्रहरीका अनुसार सुमनले आइतबार बिहान प्रोग्रेसको घरबाट गरिमालाई घटनास्थलतर्फ लगेको बयान दिएका छन् । त्यहाँ कुकर्म गरेपछि बालिका बेहोस भएकी र आफू त्यहाँबाट फर्किएको उनले प्रहरीसमक्ष बताएका छन् ।

दिउँसो पुनः घटनास्थलमा पुगेर शवलाई कपडामा पोको पारेको उनले बताएको एक प्रहरी अधिकारीले जानकारी दिए । प्रहरीका अनुसार सुमनले एक पेशेवर अपराधी जसरी शव व्यवस्थापन गर्ने प्रयाससमेत गरेको देखिएको छ । घटनामा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

अभियुक्तको बयानलाई मात्रै अन्तिम सत्य नमानिने र घटनास्थल, भौतिक प्रमाण तथा अन्य व्यक्तिको भूमिकासमेत अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ।

**दुई दिनसम्म गाउँमै लुकाइएको थियो शव**

आइतबार बिहान करिब साढे ८ बजेदेखि गरिमा बेपत्ता भएकी थिइन् । परिवारले खोजी गरे पनि उनको हत्या भइसकेको अनुमान थिएन।

गाउँकै बीचमा रहेको खाली घरबाट दुर्गन्ध आउन थालेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। त्यसपछि प्रहरीले तालिमप्राप्त कुकुरसहित खोजी गर्दा मंगलवार साँझ घरबाट करिब दुई सय मिटर टाढा कपडामा पोको पारिएको अवस्थामा बालिकाको शव फेला परेको थियो।

गरिमा जीतपुरसिमरा-२ स्थित सरस्वती आधारभूत विद्यालयमा भर्खरै प्ले ग्रुपमा भर्ना भएकी थिइन्। तोते बोली बोल्ने उमेरमै उनको जीवन निमोठिएको छ । गरिमाको मृत्युपछि परिवार विक्षिप्त छन्। आमा मानमती चौधरी मंगलवारदेखि नै अर्धचेत छिन्।

**के छ कानुनी व्यवस्था ?**

कानुनी व्यवस्थाअनुसार १६ देखि १८ वर्ष उमेरका बालबालिकाले गरेको कसुरमा वयस्कलाई हुने सजायको दुई तिहाइ मात्र लाग्छ । मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ मा १० वर्षमुनिकी बालिकालाई बलात्कार गरेमा वयस्कलाई १६ देखि २० वर्षसम्म कैद सजाय हुने व्यवस्था छ। हत्याको कसुर थपिएपछि वयस्कलाई जन्मकैद वा लामो कैद हुनसक्छ।

तर १६ वर्षीय अभियुक्तको हकमा त्यो सजायको दुई तिहाइ मात्र निर्धारण हुनेछ। बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार यस्ता मुद्दा बाल इजलासमा सुनुवाइ हुन्छ । कारबाही गोप्य र बालमैत्री तरिकाले गरिन्छ । पूर्ण जन्मकैद बालबालिकालाई लाग्दैन । सजायको सट्टा (वा साथमा) बाल सुधार गृहमा राख्ने व्यवस्था छ।

अनुसन्धानका क्रममा बालकलाई सामान्य वयस्क थुनुवाजस्तो व्यवहार गर्न मिल्दैन । ऐनले बालबालिकालाई नेल वा हतकडी लगाउन तथा एकान्त कारावासमा राख्न निषेध गरेको छ।

त्यसैगरी, तीन वर्ष वा सोभन्दा बढी कैद हुन सक्ने कसूरको आरोपमा पर्याप्त आधार भए बाल अदालतले पुर्पक्षका लागि बाल सुधार गृहमा राख्न सक्ने व्यवस्था छ।

उमेर प्रमाणीकरण र थप प्रमाण संकलनपछि आरोपपत्र दायर गरिनेछ। यो घटनाले जघन्य अपराधमा संलग्न बालबालिकाको सजाय र सुधार प्रणालीबारे फेरि बहस सिर्जना गरेको छ । स्थानीयवासी दोषीलाई कडा कारबाहीको माग गर्दै आन्दोलित बनेका छन्।


माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

# नेपाल-भारत सीमा व्यवस्थापन कार्यदलको बैठक: सीमा विवादमा के गर्ला निर्णय ?

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ ०४ गते**

नेपाल-भारत सीमा व्यवस्थापन संयुक्त कार्यदलको १४औं बैठक भारतको देहरादूनमा जारी छ।

बिहीबार सुरु भएको कार्यदलको बैठक शुक्रबारसम्म चल्नेछ। बैठकको नेतृत्व नेपालबाट गृह मन्त्रालयका सहसचिव आनन्द काफ्ले र भारतका तर्फबाट गृह मन्त्रालयका संयुक्त सचिव पौसुमी बसुले गरेका छन्।

नेपालबाट परराष्ट्र मन्त्रालयका सहसचि गेहेन्द्र राजभण्डारी, अध्यागमन विभागका महानिर्देशक रामचन्द्र तिवारी, सुरक्षा अधिकारीहरू विनोद घिमिरे, कृष्ण खनाल लगायत सहभागी छन्।

दुवै देशका सहसचिव नेतृत्वको कार्यदलले सीमा स्तम्भ निर्माण, पुनर्स्थापना, मर्मत सम्भार, दशगजा व्यवस्थापन, सीमा स्तम्भको जीपीएस म्यापिङ, सीमा क्षेत्रका बासिन्दाको जमिनको विवरण संकलन, सीमा वारपारमा आउने दैनिक समस्याको निकास खोज्नु हो।

प्रधानमन्त्री बालेन्द्र शाह गत जेठमा 'भारतले मात्र होइन, नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ' भन्ने अभिव्यक्ति दिएपछि विवादमा परेका थिए। उनको यस्तो अभिव्यक्तिपछि बस्न लागेकाले पनि बैठक अर्थपूर्ण रहेको कूटनीतिक मामिलाका जानकारहरू बताउँछन्।

कोभिड महामारीका बेला बाहेक कार्यदलको बैठक नियमित रुपमा बस्दै आएको छ। पूर्वपरराष्ट्रमन्त्री प्रदीप ज्ञवाली कार्यदलको बैठकलाई नियमितता मात्र सीमित गर्न नहुने सुझाव दिन्छन्।

सीमा क्षेत्रको भोगाधिकार जस्ता विषयमा प्रभावकारी निर्णय लिनुपर्ने उनी बताउँछन्।

अर्का पूर्व परराष्ट्रमन्त्री उपेन्द्र यादव लिम्पियाधुरा-कालापानी र सुस्ताको सीमा विवाद समाधान नभएसम्म यस्तो बैठकको धेरै अर्थ नहुने बताउँछन्।

उनी भन्छन्, 'सीमा सम्बन्धी मूल विवाद समाधान नगरी बस्ने व्यवस्थापन कार्यदलको बैठक अपुरो नै मानिन्छ।'

नेपाल र भारत बीचको सीमाना सम्बन्धी 'स्ट्रिप म्याप' तयार भए पनि लिम्पियाधुरा र सुस्ताको विवाद मिल्न नसक्दा हस्ताक्षर हुन सकेको छैन। दुई ठाउँ बाहेकको विवाद मिलाउन कठिन नहुने सीमाविद्हरूले बताउँदै आएका छन्।

तीन दशक पहिले सीमा सुरक्षा सम्बन्धी बैठकमा नेपालको प्रतिनिधित्व गरेका पूर्वपरराष्ट्रमन्त्री डा. प्रकाशचन्द्र लोहनी भने खुल्ला सीमालाई प्रभावकारी नियमन गर्नुपर्नेमा जोड दिन्छन्।

'२०५२-०५३ सालमै हामीले प्रभावकारी सीमा नियमनको कुरा उठाएका थियौं,' डा. लोहनी भन्छन्, 'राहदानी अनिवार्य नगरे पनि दुबै देशबाट आउजाउ गर्दा परिचय पत्र अनिवार्य गर्ने प्रबन्ध मिलाउनु पर्दछ।'

कार्यदलको १३ औं बैठक गत वर्ष पोखरामा बसेको थियो। दुई दिनसम्म चल्ने बैठकले अघिल्लो बैठकको निर्णय कार्यान्वयन भए नभएको पनि समीक्षा गर्दछ।




## रवि तत्काल केन्द्रीय समितिलाई पूर्णता दिन ...............

पदाधिकारीमध्ये उपसभापति र महामन्त्री एक/एक जना प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) पक्षबाट मनोनीत हुनेछन्। ५१ जना केन्द्रीय सदस्यमध्ये पनि १८ जना बालेन पक्षबाट हुने चर्चा छ।

यद्यपि, बालेन पक्षबाट पदाधिकारी र केन्द्रीय सदस्यमा शुक्रबार कोही पनि मनोनीत नहुने दाबी गरिएको छ।

प्रधानमन्त्री बालेननिकट एक नेताका अनुसार मधेशको अधिवेशनपछि मात्रै बालेनले नाम अघि सार्नेछन्।

सभापति लामिछानेले अहिले यता-उताबाट भनेर नाम संकलन गर्ने काम नभएको बताए। 'कसैले नाम दिने नै होइन यो। पार्टीले छलफल गर्ने हो। मलाई विभिन्न साथीहरूले प्रस्ताव गर्नुहुन्छ। हामी दुई धार भएको र नाम दिने भन्ने कुरालाई पूर्णतः खारेज गर्छु' लामिछानेले भनेका छन्।

शुक्रबारको बैठक महाधिवेशनपछि दोस्रोपटक बस्न लागेको केन्द्रीय समिति बैठक हो। पहिलो बैठकमा मनोनीत गर्ने छलफलको एजेन्डा नै परेको थिएन।

यसपटक बैठकको एजेन्डामा परेपनि प्रधानमन्त्री बालेन पक्षबाट भने कोही पनि मनोनीत नहुने नेताहरूको दाबी छ।

'मधेशमा अधिवेशन कस्तो हुन्छ, त्यहाँको अवस्था हेरेर मात्रै केन्द्रीय सदस्यमा पठाउने नाम निश्चित हुनेछन्,' बालेन पक्षका एक नेताले भने।

मधेश प्रदेशको अधिवेशन नसकेरै रास्वपाले केन्द्रीय महाधिवेशन गरेको थियो। मधेश प्रदेशका आठ जिल्लामध्ये पनि पर्साको मात्रै जिल्ला अधिवेशन सकिएको छ। मधेशका कतिपय वडा र पालिका तहका अधिवेशन पनि बाँकी नै छन्।

**मधेश यात्रामा निस्किँदै रवि**

मधेशमा अधिवेशनको वातावरण बनाउन सभापति लामिछाने आफै ती जिल्लाको भ्रमण गर्ने तयारीमा रहेको नेताहरूले बताएका छन्।

मधेशबाट प्रतिनिधित्व गर्ने एक रास्वपा सांसदका अनुसार सभापति लामिछानेले पर्साको ठोरीबाट मधेश यात्राको सुरु गर्ने र त्यहाँको वस्तुस्थिति अध्ययन गर्ने तयारी गरेका छन्।

भदौ १२ पछि सभापति लामिछाने मधेश यात्रामा निस्कने ती सांसदले जानकारी दिए।

## जेन-जी आन्दोलनका कारण प्रदेश सभामा ...............

औजार अर्न्तगत एसी खरिद कार्यमा १९ लाख २ हजार ८ सय ९७ रुपैंयाँ, डेक्सटप कम्प्युटर खरिदमा १५ लाख २० हजार रुपैंयाँ र फर्निचर खरिदमा १८ लाख ८२ हजार २ सय ५० रुपैंयाँ खर्च भएको छ।

कतिपय कामहरु भौतिक पूर्वाधार विकास मन्त्रालयले गराएका कारण यसको विवरण आफूहरुसँग नरहेको प्रदेश सभाका सूचना अधिकारी सरेन्द्र महतोले जानकारी दिए। अहिलेसम्म दलको कार्यालयको रङरोगन, सभाको रङरोगनसहितका कामहरु गरिएको उनले जानकारी दिए। रङरोगन र समान खरिदमा ६८ लाख २५ हजार १ सय ४७ रुपैंयाँ खर्च भएको छ।

आन्दोलनका क्रममा लगिएका कतिपय सामानहरु फिर्ता भएको छैन। जसका कारण नयाँ सामानहरु खरिद गर्नु परेको छ। प्रदेशसभा सचिवालयका अनुसार गत आर्थिक वर्षमा ३० करोड ३१ लाख ६३ हजार ६८६ रुपैयाँ खर्च भएको छ। प्रदेशसभाका लागि छुट्याइएको कुल ४६ करोड २३ लाख ८४ हजार बजेटको करिब ६५ प्रतिशत खर्च भएको हो।

सुशीला कार्की नेतृत्वको सरकार गठनपश्चात् रोकिएको स्वकीय सचिवहरूको तलब पनि यो वर्ष एकमुष्ट वितरण भएको छ भने जेन्जी आन्दोलनका क्रममा भएको भौतिक क्षतिको पुनर्निर्माणको काम प्रदेशसभाको बजेटबाट नभई भौतिक पूर्वाधार मन्त्रालयबाट भएको सूचना अधिकारी महतोले बताए।

# सामाजिक चिन्तक प्रदीप गिरिको स्मृतिमा वृक्षरोपण

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०४ गते**

नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य तथा सामाजिक चिन्तक दिवंगत प्रदीप गिरिको चौथो स्मृति दिवसमा लहानस्थित जे.एस. मुरारका बहुमुखी क्याम्पसपरिसरमा वृक्षरोपण गरिएको छ।




गिरिको स्मृति दिवसको अवसरमा कांग्रेस सिरहा १ नं. क्षेत्रीय कार्यसमितिको आयोजनामा क्याम्पसपरिसरमा बिहीबार बिहान ५१ वटा आँप र लिचीको बिरुवा रोपिएको हो। वृक्षरोपण गर्दै लहान नगरपालिका प्रमुखसमेत रहेका क्षेत्रीय सभापति महेशप्रसाद चौधरीले आफ्नो सक्रिय राजनीतिक जीवनकालमै चिन्तक गिरिले गरिब, विपन्न, दलित तथा सीमान्तकृत समुदायका लागि समाजवादको व्यावहारिक अभ्यास गरेको बताए।

'गिरि स्वयं सबैका लागि ठुलो रुखको छहारी हुनुहुन्थ्यो,' उनले भने, 'त्यस्ता व्यक्तित्वको सम्झनामा रोपिएका बिरुवाले पनि भविष्यमा क्याम्पस पढ्न आउने विद्यार्थीहरूका लागि शीतलता र मिठो फल दिनेछ।' वृक्षरोपणमा क्षेत्रीय सभापति चौधरीसहित महासमिति सदस्य रामसुन्दर चौधरी, प्रदेश सभा (क) र (ख) का सभापतिद्वय सन्तोष उपाध्याय, धर्मदेव यादव, महाधिवेशन प्रतिनिधि अरुण के.सी., जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष प्रदीप गुप्ता, महासचिव रवीन्द्र श्रेष्ठ, क्याम्पसका प्राध्यापकहरूलगायतको उपस्थिति थियो।

**को हुन् प्रदीप गिरि ?**

वि.सं. २००४ साल असोज २४ गते सिराहाको बस्तीपुरमा जन्मिएका गिरी १३ वर्षको उमेरमै ०१७ सालदेखि नेपाली कांग्रेसको सक्रिय राजनीतिमा होमिएका थिए। बाबु मित्रलाल गिरि पनि कांग्रेसको राजनीतिमा सक्रिय भएकाले गिरिको राजनीति पनि कलिलै उमेरबाट सुरु भएको उनलाई चिन्नेहरू बताउँछन्।

निरंकुश पञ्चायती व्यवस्थाविरुद्धको संघर्षका क्रममा वि.सं. ०२५ सालमा १८ महिना र ०४२ सालमा करिब एक वर्ष जेलजीवन बिताएका गिरि ०२४ सालमा नेपाल छात्र संघ बनारस (भारत) को निर्वाचित उपाध्यक्ष थिए। ०५१ सालको संसदीय निर्वाचनमा सिरहा ५ बाट निर्वाचित भएका गिरी ०५६ सालको निर्वाचनमा सिरहा ५ मा पराजित भए पनि पहिलो र दोस्रो संविधानसभा निर्वाचनमा समानुपातिक सभासद् भए।

०७४ सालमा भएको निर्वाचनमा सिरहा १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित गिरी कांग्रेसमा दिवंगत कृष्णप्रसाद भट्टराईनिकटका नेताका रूपमा चिनिन्थे। भारतको जवाहरलाल नेहरू विश्वविद्यालयबाट अर्थशास्त्र र दर्शनशास्त्रमा स्नातकोत्तर गरेका गिरिका लेनिन (जीवनी), नारी, मार्क्सवाद र अर्थशास्त्रलगायतका झन्डै एक दर्जन पुस्तक प्रकाशित छन्। घाँटीको क्यान्सरको कारणले उनको निधन ४ भदौ ०७९ काठमाडौंमा भएको थियो।

## रड तताएर श्रीमती ......

मुद्दामा अदालतबाट म्याथ थप गरी सूक्ष्म अनुसन्धान गरिएको महेशपुर पतार प्रहरी प्रमुख प्रहरी निरीक्षक विशाल मल्लले जानकारी दिए।

श्रीमानको मोबाइलमा उनकै साथीको पटक-पटक फोन आएपछि उठाएर कुरा गर्दा 'किन अरूसँग कुरा गरेको' भन्दै तताएको फलामे रडले निर्घात कुटपिट गरिएपछि गम्भीर घाइते भएकी उनलाई नवराजपुर आधारभूत अस्पतालमा करिब पाँच दिनसम्म राखेर उपचार गरिएको स्थानीयले बताए।

छिमेकीहरूका अनुसार रामशंकरले मावली हजुरबा चन्देश्वर यादव घरमै रहेका वेला फलामे रड तताएर भाइको सहयोगमा श्रीमतीलाई निर्घात कुटपिट गरेका हुन्। तातो फलामको रडले कुटपिट गर्दा उनको हात, खुट्टा र पिठ्युँका विभिन्न ठाउँमा घाउ भएको थियो।

कुटपिट गरेको आवाज बाहिर नजाओस् भन्नका लागि घरको झ्याल, ढोका थुनी ठुलो आवाजमा डिजे साउन्ड बजाएको भए पनि पीडित महिला चिच्याएको सुनेपछि छिमेकीहरूले घरको ढोका फोडेर तत्काल प्रहरीलाई खबर गरी उपचारका लागि गाउँपालिकामातहत रहेको आधारभूत अस्पताल पुर्याएका थिए।

**आत्महत्या समस्याको समाधान होइन:**

**आत्महत्याका प्रमुख कारण:**

- मानसिक तनाव, डिप्रेशन, एक्लोपन वा निराशा।
- हिंसा, पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता।
- गरिबी, बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु।
- हिनताबोध, आवेश र घुर्की देखाउनु।
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु।
- सोचे अनुसार सफलता प्राप्त नहुनु।
- सामाजिक बहिष्कार वा दुर्व्यवहार लगायत।

**रोकथामका लागि:**

- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्याका बारेमा खुलेर कुरा गरौं।
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं।
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं।
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं।

**"एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समस्याको समाधान खोजौं"**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

